# ३ वर्ष भित्र नेपाल विकासशिल देशमा स्तरोन्नती गर्छौं– परराष्ट्र मन्त्रि ज्ञवाली

सम्पादक | प्रकाशित मिति: २०७५, ५ कार्तिक सोमबार ०७:४९



**कमल पौडेल, बडिगाड।**

परराष्ट्र मन्त्रि प्रदिप ज्ञवालीले देशलाई ३ वर्ष भित्र अति अल्प विकसितबाट विकासशिल देशमा स्तरोन्नती गर्ने दाबी गरे। आइतबार मुसिकोट नगरपालिकाले आयोजना गरेको बौद्धिक सम्मेलनको उद्घाटन गर्दै मन्त्रि ज्ञवालीले सरकारले ८ महिनाको अवधिमा विकासको आधार तयार गरेको भन्दै अब देखिने गरि काम हुने बताए। सरकार भ्रष्टचार विरुद्ध निर्ममता पूर्वक प्रस्तुत हुने भन्दै ज्ञवालीले तत्काल विकास परियोजना सुरु गरिने तथा नेपाली पासपोर्टको इज्जत बढाउने उनको भनाई छ।

नेपाल कम्युनिष्ट पार्टि (नेकपा) का नेता समेत रहेका मन्त्रि ज्ञवालीले निर्मला हत्या काण्डको सरकारले संरक्षण नगर्ने भन्दै पानीमुनी भए पनि अपराधिलाई कठघरामा उभ्याउने प्रतिबद्धता व्यक्त गरे। ज्ञवालीले मानविय संवेदनामा छुद्र

राजनीति नगर्न प्रतिपक्षलाई आग्रह गर्दै विकासमा सत्ता र प्रतिपक्ष सहकार्य गर्नुपर्ने बताए ।

झवालीले सरकारले ८ महिनाको अवधिमा वैदेशिक सम्बन्धलाई स्थापित गरेको, नेपाल भारतको १९५० को असमान सन्धिको विस्थापनको तयारी भैरहेको, संघीयताको सफल कार्यान्वयन भैरहेको, मौलिक हक कार्यान्वयन सम्बन्धि कानुन तयार भएको, यातायात सिन्डिकेट हटाएको जस्ता काम सरकारले गरेको बताए ।

गुल्मीको विकासको सन्दर्भमा मन्त्रि झवालीले मदन भण्डारी लोकमार्गले गुल्मीको विकासमा महत्वपूर्ण योगदान पु¥याउने, बढिमा २ वर्ष भित्र रुद्रवेणी वामी टक्सार सडक पिच गर्ने, यहि हिँउदबाट रेसुंगा एयरपोर्ट संचालन गर्ने, कफि विकासमा सुपरजोनको कार्यक्रम संचालन गर्ने लगाएतको कामको सुरुवात भएको उनको दाबी छ ।

मुसिकोट नगरपालिकाको समृद्धिको लागि कृषिको व्यावसायीकिकरण, जलश्रोत र उर्जाको विकास, पर्यटन विकास, यातायात पूर्वाधार विकास र सार्वजनिक शिक्षा तथा स्वास्थ्यमा सरल र सहज पहुँचमा वृद्धि गर्नुपर्ने बताए । बौद्धिक सम्मेलनको उद्धाटन कार्यक्रममा संघीय संसद सदस्य तिलक महत, प्रदेश ५ का सदस्य कमलराज श्रेष्ठ, खड्क केसी, दिनेश पन्थी, नेपाली काँग्रेसकी नेतृ विष्णु सापकोटा लगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सम्मेलनको दोश्रो चरणमा सहायक प्राध्यापक डा. ज्ञान बहादुर थापाले मुसिकोट नगरपालिकाको संभावना र चुनौतीको सन्दर्भमा कार्यपत्र प्रस्तुत गरेको थिए । त्यस्तै प्राध्यापक डा. जिवलाल सापकोटाले श्रमको सम्मान गर्ने शिक्षा हुनेपर्ने शिक्षा सम्बन्धि कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा अमेरिकि नियोक संस्था का वरिष्ठ क्षेत्रिय संयोजक कृष्णहरी सापकोटाले समृद्धिका आधार स्वास्थ्य क्षेत्रको पूर्वाधार सम्बन्धि, समाजशास्त्री रमेश काफ्लेले स्मार्ट सिटि, समाजसाश्त्री खिमलाल पौडेलले समृद्धिको लागि नगरपालिका र नागरिकको दायित्व, इन्जिनियर राम बहादुर थापाले पूर्वाधार विकासमा संस्थागत विकास र इन्जिनियर विकास श्रेष्ठले मुसिकोटको

समृद्धिको आधार नगरपालिकामा जलश्रोत र पूर्वाधार विकासको सन्दर्भमा कार्यपत्र प्रस्तुत गरेका थिए भने नगरप्रमुख सोमनाथ सापकोटाले सम्मेलनको अवधारणा पत्र प्रस्तुत गरेका थिए ।